# सिलबन्दी दरभाउपत्र आह्वानको सूचना

दोस्रो पटक प्रकाशित मितिः२०८१।१०।०८ गते

सानीभेरी गाउँपालिका अन्तर्गत सवैका लागि दिगो खानेपानी, सरसफाइ तथा स्वच्छता आयोजनाको सहयोगमा वडा नं ५, ८ र ९ मा सञ्चालित तपसिलका खानेपानी तथा सरसफाइ योजनाहरुको लागि आयोजनाको खरिद निर्देशिका वमोजिम खानेपानी योजना निर्माणमा प्रयोग हुने निर्माण सामग्रीहरु, पाइपहरु तथा फिटीङ्गस् खरिद गर्नुपर्ने भएकोले दरभाउपत्रमा उल्लेखित परिमाण तथा दरभाउपत्र साथ उपलव्ध गराइएको स्पेशीफिकेशन वमोजिमको तौल र गुणस्तरका सामानहरु निम्न शर्तहरुको अधिनमा रही सप्लाई गर्न इच्छुक मूल्य अभिवृद्धि करमा दर्ता भएका फर्म वा सप्लायरवाट सिलवन्दी दरभाउपत्र आव्हान गरिएको छ ।

तपसिल

| सिलबन्दी दरभाउपत्र नंम्बर | खानेपानी तथा सरसफाई योजनाको नाम | उपभोक्ता समितिको बैंक खाता नम्बर | सिलबन्दी दरभाउपत्रको अनुमानित रकम (भ्याट र ढुवानी बाहेकको) | दरभाउपत्र खरिद रकम (पछि फिर्ता नहुने गरि) | बोलपत्र जमानत वापतको रकम रु |
|---|---|---|---|---|---|
| TKGWASH/SQ /01/081/082 | टाँडपानी काँडा घेरेलि खानेपानी तथा सरसफाई योजना | ०७७१५८६७५९०११०८९ लक्ष्मी सनराइज बैंक लि. | १६,४२,०३१।१४ | १००० | ४९,२६१ |
| PKWASH/SQ /02/081/082 | पाताल खर्क खानेपांनी तथा सरसफाई योजना | ०७७१५८७२८५०११०९२ लक्ष्मी सनराइज बैंक लि. | २९,३९,५३२।१५ | ३००० | ८८,१८६ |
| OKBWASH/SQ /03/081/082 | ओखरेनी खर्कगाउँ भुईटाकुरा खानेपानी तथा सरसफाई योजना | ०७७१५८७३२९०११०९३ लक्ष्मी सनराइज बैंक लि. | १५,९६,९८८।६९ | १००० | ४७,९१० |

शर्तहरुः

१ विभिन्न आवश्यक निर्माण सामग्री, पाइप तथा फिटीङ्गसहरु सप्लाइ सम्वन्धी दरभाउपत्र फारम प्रति फारम माथी उल्लिखित शुल्क तिरी (पछि फिर्ता नहुने गरी) सानीभेरी गाउँपालिका सिम्ली शाखामा **लक्ष्मी सनराइज बैंकमा रहेको सानीभेरी गा.पा.ग १.१ आन्तरिक राजश्व खाता नं.०७७०५३०७८७७०३००९** मा नगदै रकम दाखिला गरी सक्कलै भौचर सानीभेरी गाउँपालिकामा निवेदन सहित पेश गरेपछि मात्र दरभाउपत्र खरिद गर्न पाईनेछ ।दरभाउपत्र पेश गर्दा सम्वन्धित उपभोक्ताको समितिको नाममा वैकमा रहेको खाता नम्वरमा बैंक ग्यारेन्टी वा नगद रकम जम्मा गरेको भौचर सहित लिखित निवेदनको साथमा सिलवन्दी दरभाउपत्रदाताले खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कारवाहीमा आफनो स्वार्थ नवाझिएको र सम्वन्धित पेशा वा व्यवसाय सम्वन्धी कसुरमा आफुले सजाय नपाएको भनी लिखित रुपमा गरेको स्वःघोषणाको सक्कल प्रतिलिपी, फर्म दर्ता, मूल्य अभिवृद्धि कर दर्ता, अद्यावधिक कर चुक्ताको प्रमाणपत्रहरुको प्रतिलिपि नोटरी पव्लिक फर्मवाट

प्रमाणित गरी यो सूचना प्रकाशित भएको मितिले सातौ दिनको (२०८१।१०।१४ गते) कार्यालय समय भित्र सानीभेरी गाउँकार्यपालिकाको कार्यालय वाट खरिद गर्न सकिनेछ ।

२ खरिद गरिएको दरभाउपत्र फारामहरु रितपूर्वक भरी सूचना प्रकाशित भएको आठौ दिनको १२ बजे भित्र प्रचलित कानुन बमोजिम बैंक ग्यारेन्टी जारी गर्न योग्य वाणिज्य बैंक वा वित्तीय संस्थावाट न्युनतम दाखिला गर्ने अन्तिम मितिबाट ४५ दिनलाइ मान्य बोलपत्र/दरभाउ जमानत सहितको ग्यारेन्टी पत्र वा सम्वन्धित उपभोक्ता समितिको वैकमा रहेको खाता नम्बरमा नगदै जम्मा गरेको सक्कलै भौचर र उपभोक्ता समितिलाई निवेदन सहित दरभाउपत्र सानीभेरी गाउँपालिकाको कार्यालयमा दर्ता गराउनु पर्नेछ भने सप्लायरले कुनै एक वा सवै योजनाको लागि दरभाउ पत्र पेश गर्न सक्नेछ तर सो दरभाउ पत्रहरु प्रत्येक योजनाको छुट्टा छुटै भरि छुट्टाछुटै सिलवन्दी गरेको हुनुपर्ने छ । दरभाउपत्र फाराम सिलवन्दी गरी सिलवन्दी दरभाउपत्र न., उपभोक्ता समितिको नाम, ठेगाना र निर्माण सामग्रीहरु, पाइप तथा फिटीङ्गस् सप्लाई सम्वन्धी दरभाउपत्र भन्ने व्यहोरा लेख्नुपर्नेछ ।

३ सम्भावित सप्लायर र आपूर्तिकर्ताहरुलाई खरिदको सूचना प्रकाशन भएको मितिले चौथो दिन दरभाउपत्र फारम तथा खरिद गर्ने सामाग्रीहरुको स्पेसीफिकेसन वा कोटेशन पेश गर्ने तरिका आदिका वारेमा जानकारी दिन आवश्यक परेमा Pre-Bid Meeting गरिनेछ ।

४ सफल दरभाउ पत्र दाताले दरभाउ पत्रको जम्मा अनुमानित रकमको १५ प्रतिशत भन्दा कम घटि भएमा ५ प्रतिशत र वढि घटि भएमा कार्य सम्पादन जमानत रकम रु = [०.८५ × लागत अनुमान – कवोल मुल्य) ×०.५]+५% कवोल मुल्यको हिसाव गरी कार्य सम्पादन जमानत रकम सम्वन्धित उपभोक्ताको समितिको वैक खातामा जम्मा गर्न पर्नेछ ।

५ सिलवन्दी दरभाउपत्र पेश गर्दा सप्लायरको आधिकारिक प्रतिनिधि वा आफैं उपस्थित भई पेश गर्न सकिनेछ ।सिलवन्दी दरभाउपत्र सूचना प्रकाशित भएको मितिले आठौ दिनको १२ (२०८१।१०।१५) वजे भित्र सानीभेरी गाउँपालिकाको सिम्लीमा पेश गर्न सकिनेछ ।

६ उपरोक्तानुसार प्राप्त भएका दरभाउपत्रहरु मिति दिनको १ (२०८१।१०।१५) वजे मा गाउँकार्यपालिकाको कार्यालय सिम्लीमा खरिद समितिका प्रतिनिधिहरु तथा साझेदार कार्यालयका प्रतिनिधिहरु र दरभाउपत्रदाताहरु वा निजहरुको प्रतिनिधिको रोहवरमा खोलिनेछ । दरभाउपत्रदाताको प्रतिनिधि उपस्थित नभएमा समेत दरभाउपत्र खोल्न वाधा पुग्नेछैन ।

७ सप्लाई हुने सामग्रीहरुको भुक्तानी उपभोक्ता समितिले तोकिएको स्थान सम्म ढुवानी भै सामग्रीहरु प्राविधिक तथा सम्वन्धित उपभोक्ता समितिले चेकजाच गरेपछि मात्र सप्लाइ भएको सामानको भुक्तानी दिइनेछ ।

८ दरभाउपत्र खरिद गर्ने, दर्ता गर्ने तथा खोल्ने अन्तिम दिनहरुमा सार्वजनिक विदा पर्न गएमा सो को भोलिपल्ट कार्यालय खुलेको दिन बिक्रि गरिने, दर्ता गरिने वा खोलिनेछ ।

९ म्याद नाघी वा रीत नपुगी आएको दरभाउपत्र उपर कुनै कारबाही हुने छैन ।

१० दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने सम्पूर्ण अधिकार संयुक्त खरिद समितिमा सुरक्षित रहनेछ ।

११ यस सम्वन्धी थप शर्तहरु दरभाउपत्र फाराम साथै उपलव्ध गराइनेछ । अन्य शर्तहरु आयोजनाको खरिद कार्यविधि वमोजिम हुनेछ ।

१२ यो सूचनामा केहि संसोधन गर्नु परेमा सो को सूचना सानीभेरी गाउँपालिका, सिम्लीको सूचना पाटीमा गरिनेछ ।

१३ अन्य थप जानकारी चाहिएमा रुकुम - पश्चिम जिल्ला सानीभेरी गाउँपालिका कार्यलयमा मो.नं.९८५[illegible]३ वा ९८४८७९७५९६ मा सम्पर्क गर्न सकिनेछ ।

संयुक्त खरिद समिति